आज मिति २०८१ साल कार्त्तिक १२ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को पाचौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ४ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ५ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| ११ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १२ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १३ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १६ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रीत सदस्यहरु | | | |
| १ | श्री नरेन्द्र थापा | का.वा. वडा अध्यक्ष वडा नं. १ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| २ | अशोक कुमार केशरी | पशु सेवा शाखा प्रमुख | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | लोकेन्द्र विष्ट | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्वन्धमा ।
२. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. रिक्त करार पदमा दरखास्त आह्वान सम्बन्धमा ।
४. विविध छलफल सम्बन्धमा ।

## २०८१ कार्त्तिक १२ गते बसेको पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वियन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.व. को पहिलो चौमासिक सार्वजनिक सुनुवाई गर्न आवश्यक रहेको । | चालु आ.व.को पहिलो चौमासिकमा गाउँपालिका तथा मातहतका कार्यालय र निकायबाट भएका क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ मिति २०८१/०८/१० गते सोमबारका दिन वडा नं. ८ को वडा कार्यालयमा पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | रिक्त करार पदमा दरखास्त आह्वान सम्बन्धमा । | रिक्त करार पदमा दरखास्त आह्वान गर्न आवश्यक रहेको । | यस गाउँपालिकामा लामो समय देखि कामकाज गर्दै आउनु भएका नायव पशु सेवा प्राविधिक भेषराज घर्तीमगर र प्राविधिक सहायक कुलेन्द्र वि.क. गण्डकी प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई राजिनामा दिई राजिनामा स्वीकृत भएको हुदाँ निजहरुको पदमा दरखास्त आह्वान गर्ने र आगामी दिनमा कर्मचारीहरुबाट राजिनामा दिई स्वीकृत भएमा सो पदमा दरखास्त आह्वान गर्न कार्यालयलाई जिम्मा दिने र वडा नं.८ अरेश स्वास्थ्य चौकीका लागि १ जना ल्याव असिस्टेन्ट पदका लागि दरखास्त आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

भगिरथ बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) पोषण सुधार कार्यक्रम सञ्चालन सम्बन्धमा ।<br>ख) व्यवसायी तरकारी तथा बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा । | क) यस गाउँपालिका पशु सेवा शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पोषण सुधारका लागि चल्ला विवरण कार्यक्रम वडा नं. ६, ७ र ८ मा सञ्चालन गर्ने ।<br>ख) लुम्बीनि प्रदेश सरकारबाट सशर्त अनुदान तर्फको व्यवसायी तरकारी प्रवर्द्धन कार्यक्रम वडा नं. ५ र ८ मा सञ्चालन गर्ने र बाखा प्रवर्द्धन कार्यक्रम वडा नं. ३ र ४ मा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष